## उद्योग क्षेत्रको उत्पादनको सूचकांक (Manufacturing Production Index, MPI) को स्थिति:

आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिकमा उद्योग क्षेत्रको उत्पादनको सूचकांक **(Quarterly Manufacturing production Index)** दोस्रो त्रैमासिकको तुलनामा २.३३ प्रतिशतले बृद्धि भई ११२.६७ पुगेको अनुमान गरिएको छ भने अघिल्लो वर्षको सोहि त्रैमासिकको सूचकांकमा ३२.२५ प्रतिशतले बृद्धि भएको देखिन्छ। यसरी समग्र सूचकांकमा बृद्धि हुनुको कारण उद्योगहरुमा नियमित विद्युत आपूर्ति हुनु, बन्द तथा हड्तालमा कमी हुनु, भूकम्प पछि पूर्ण रुपमा सञ्चालनमा आउन नसकेका उद्योगहरु क्रमशः पूर्ण रुपमा सञ्चालनमा आउनु आदिलाई लिन सकिन्छ। उद्योग क्षेत्रको उत्पादनको सूचकांकको वस्तुगत आधारमा NSIC, 3 - Digit अनुसार दोस्रो र तेस्रो त्रैमासिकको तुलना गर्दा २९ वटा औद्योगिक समूहहरु मध्ये २१ वटा NSIC समूहहरुमा बृद्धि भएको अनुमान गरिएको छ। जस अनुसार अधिकतम बृद्धि हुनेहरुमा **अन्य रसायनको उत्पादन समूहमा** ३०.२७ प्रतिशत, **पशपंक्षीको दाना उत्पादन समूहमा** १९.२२ प्रतिशत, **काठका वस्तुहरू, कर्क, पराल, छ्वाली, चोया आदिबाट बनाइने वस्तुहरूको उत्पादन समूहमा** १५.२१ प्रतिशत आदि रहेका छन्। त्यसै गरी ८ वटा NSIC समूहहरुको सूचकाङ्कमा गिरावट आएको अनुमान गरिएको छ। सूचकांकमा अधिकतम गिरावट आएका NSIC समूहहरुमा **अन्य खानाको उत्पादन समूहमा** ४८.१ प्रतिशत, **आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन समूहमा** २१.८६ प्रतिशत, **बिजुलीका तार र तारका सामानको उत्पादन समूहमा** ९.२२ प्रतिशत रहेको छ। साथै २ वटा NSIC समूहहरु (**फर्निचर र पेपर**) को सूचकाङ्कमा १ प्रतिशत भन्दा कम गिरावट भएको देखिन्छ।

यसै गरी वस्तुगत तहमा हेर्दा ५४ वटा **4–Digit Central Product Classification (CPC)** वस्तुहरु मध्ये दोस्रो त्रैमासिकबाट तेस्रो त्रैमासिकमा ३८ वटा वस्तुहरुको उत्पादनमा बृद्धि भएको अनुमान गरिएको छ। बृद्धि भएकाहरुमध्ये सबैभन्दा बढि **ईँटा** र त्यसपछिका दुई वस्तुहरु क्रमशः **कंक्रिट** तथा **जुटको बोरा** रहेका छन्। अर्कोतर्फ १६ वटा वस्तुहरुको उत्पादनमा गिरावट आएको अनुमान गरिएको छ। गिरावट आएकाहरु मध्ये सबैभन्दा बढि **चिनी** र त्यसपछिका दुई वस्तुहरु क्रमशः **चकलेट** तथा **प्रसोधित चिया** रहेका छन्। वस्तुगत आधारमा त्रैमासिक उत्पादकको मूल्य सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरु र अधिकतम गिरावट भएका ५ वटा वस्तुहरुको विवरण देहाय बमोजिम रहेको छ।

**क. सूचकांकमा अधिकतम बृद्धि भएका ५ वस्तुहरुको विवरण**

| वस्तुहरु | आ. व. २०७३/७४ | | |
|---|---|---|---|
| | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | बृद्धि प्रतिशत |
| ईँटा | ८९.३० | २०८.५३ | १३३.५ |
| कंक्रिट | ११९.०३ | १९०.३६ | ५९.९ |
| जुटको बोरा | ७३.४२ | १०२.४४ | ३९.५ |
| साबुन , डिटर्जेन्ट तथा पर्फ्युम | १०२.३८ | १३५.८२ | ३२.७ |
| ह्यूम पाईप | ९३.६९ | १२३.१० | ३१.४ |

**ख. सूचकांकमा अधिकतम गिरावट आएका ५ वस्तुहरुको विवरण**

| वस्तुहरु | आ. व. २०७३/७४ | | |
|---|---|---|---|
| | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | घटेको प्रतिशत |
| चिनी | २७६.६४ | ७२.९३ | ७३.६ |
| चकलेट | ७९.८४ | ५८.३९ | २६.९ |
| प्रसोधित चिया | १०८.९१ | ८१.४२ | २५.२ |
| पुल तथा टावरमा प्रयोग गरिने फलाम तथा स्टील | १८७.७० | १४१.८२ | २४.४ |
| तामा तथा तामा मिश्रित धातुबाट बनेका बस्तुहरु | १२८.६६ | १००.५३ | २१.८६ |